# गाउँपालिका वा नगरपालिकाले भर्नुपर्ने :

यस गाउँपालिका/नगरपालिका अन्तर्गत वडा नं. ......... मा सञ्चालन हुने उल्लेखित परियोजनाको लागि गठन हुन लागेको उपभोक्ता संस्था दर्ता हुन उपयुक्त देखिएकोले सिफारिश गरिन्छ।

साथै सो आयोजनाको मुहान .....................................................................मा कुनै प्रकारको विवाद नरहेको कुरा अनुरोध छ।

साथै उल्लेखित परियोजना सञ्चालनको लागि आवश्यक मर्मत र सम्भारको कार्यहरुमा यस गाउँपालिका/नगरपालिकाको तर्फबाट पूर्ण सहयोग हुने जानकारी गराइन्छ।

सिफारिश गर्ने पदाधिकारी

सही :-

पद :-

गाउँपालिका/नगरपालिकाको छाप :-

गाउँपालिका/नगरपालिका :-

मिति :-

अनुसूची-१
(नियम ५ सँग सम्बन्धित)

# उपभोक्ता संस्था दर्ताको लागि दिइने दरखास्त

**श्री अध्यक्षज्यू, /नगर प्रमुख ज्यू**
**श्री ............................ गाँउपालिका/नगरपालिका,**
**गाँउकार्यपालिका/नगर कार्यपालिकाको कार्यालय**
**............... नेपाल**

उपर्युक्त संस्था दर्ता गर्नका लागि देहायका कुराहरु खुलाई यो दरखास्त गरेको छु ।

१. उपभोक्ता संस्थाको नाम र ठेगाना :-

२. उपभोक्ता संस्थाको उद्देश्य :-

३. स्रोत रहेको अञ्चल............जिल्ला....................गाउँपालिका/ नगरपालिका ..............
........ .................. ........... .वडा नं...............

४. उपयोग गर्ने पानीको परिणाम :-

५. परियोजना शुरु गर्न लाग्ने समय :-

६. परियोजना सम्पन्न गर्दा लाग्न जाने अनुमानित खर्च :-

७. नेपाल सरकारले विकास गरि हस्तान्तरण गर्ने परियोजना भए सो परियोजनाको नाम र तत् सम्बन्धी अन्य विवरण :-

८. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :-

(क) परियोजना सम्बन्धी विस्तृत विवरण उल्लेख भएको कागजात ।

(ख) परियोजनाको लागि कुनै संस्थाबाट आर्थिक सहायता व्यहोरिने भए सो सम्बन्धमा त्यस्तो संस्थाले व्यक्त गरेको प्रतिबद्धता र तत् सम्बन्धी कागजात ।

(ग) उपभोक्ता संस्थाको दुई प्रति विधान ।

माथि लेखिएको व्यहोरा ठिक साँचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुँला, बुझाउँला ।

दरखास्त दिनेको,
सही :-

नाम :-

ठेगाना :-

मिति :-

# बिषय सूची


१.  परिच्छेद - १.प्रारम्भिक

२.  परिच्छेद - २. उपभोक्ता समिति वा समूह

३.  परिच्छेद - ३.कार्यक्षेत्र

४.  परिच्छेद - ४.आर्थिक श्रोत

५.  परिच्छेद - ५.विविध

# .................. खानेपानी तथा सरसफाई उपभोक्ता समितिको विधान २० ..........

**प्रस्तावनाः**

स्वच्छ खानेपानी र स्वस्थ वातावरणको समस्या र आवश्यकतालाई ध्यानमा राखेर उपलब्ध सिमित श्रोत र साधनबाट निर्माण हुने भएका आयोजनाहरुको उपयोग गराई स्थानिय बासिन्दाहरुलाई खानेपानी सुविधा पुऱ्याउन , सरसफाईको स्तर बृद्धि गराउन र जीवनस्तर उठाउन मद्दत पुऱ्याउने उद्देश्यले ....... अञ्चल .......जिल्ला ...... गा.पा./न.पा. वडा नं. ............ का स्थानिय खानेपानी उपभोक्ता तथा सरसफाई समूहको आपसी सरसल्लाह र सहमतिमा ............ खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गरी आयोजनालाई स्थायीत्व र आधिकारिकता दिनको लागी यो विधान तयार गरी जारी गरिएको छ ।

## परिच्छेद– १.प्रारम्भिक

**यस विधानमा निम्नानुसारका नियमहरु हुनेछन ।**

१. **संक्षिप्त नाम र प्रारम्भ** :

यो विधानको नाम ......................... खानेपानी तथा सरसफाई उपभोक्ता समितिको विधान २०...... रहने छ ।

क) ठेगाना : ......................... गा.पा./न.पा. ...........................वडा नं. ....................... मा रहनेछ ।

ख) यो विधान जलश्रोत ऐन २०४९ तथा नियमावली २०५५ अनुसार जलश्रोत समितिमा दर्ता भएको मिति देखि प्रारम्भ भएको मानिने छ ।

२. **परिभाषाः**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो विधान उल्लेख भएको शब्दहरुले निम्न बमोजिमको अर्थ बुझाउने छ ।

क) **विधान** भन्नाले खानेपानी तथा सरसफाई उपभोक्ता समितिको विधान २०...... लाई जनाउने छ ।

ख) **समिति** भन्नाले यस विधान बमोजिम गठन भएको खानेपानी तथा सरसफाई उपभोक्ता समिति भन्ने सम्झनु पर्दछ

ग) **आयोजना क्षेत्र** भन्नाले आयोजना लागु भई उक्त आयोजनाबाट प्रत्यक्ष लाभ पुऱ्याउने क्षेत्र मात्र सम्झनु पर्दछ ।

घ) **अध्यक्ष** भन्नाले यो विधान बमोजिम गठन भएको समितिको अध्यक्ष सम्झनु पर्दछ ।

ङ) **उपाध्यक्ष** भन्नाले यो विधान बमोजिम गठन भएको समितिको उपाध्यक्ष भन्ने बुझाउछ ।

च) **कोषाध्यक्ष** भन्नाले यो विधान बमोजिम गठन भएको समितिको कोषाध्यक्ष भन्ने जनाउँछ ।

छ) **सचिव** भन्नाले यो विधान बमोजिम गठन भएको समितिको सचिव भन्ने जनाउँछ ।

ज) **सदस्य** भन्नाले यो विधान बमोजिम गठन भएको समितिको सदस्य भन्ने बुझाउँछ ।

झ) **पदाधिकारी** भन्नाले यो विधान बमोजिम गठित समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, तथा कोषाध्यक्ष पदहरुलाई जनाउँछ ।

ञ) **कोष** भन्नाले समितिले उपभोक्ताहरुबाट संकलन गरेको रकम र आयोजना सम्बन्धि कामबाट प्राप्त रकम लाई जनाउँछ ।

ट) **उपभोक्ता समूह** भन्नाले ओगट्ने क्षेत्र भित्रको प्रत्येक घरधुरी बाट १८ बर्ष पुरा भएको एकजनाको दरले बनेको उपभोक्ता समूहलाई जनाउँछ ।

ठ) **सहयोगी संस्था** भन्नाले आयोजना छनौट देखि लिएर सर्वेक्षण, डिजाइनर, लगत इष्टिमेट तयार पारी निर्माण कार्यमा आर्थिक तथा प्रविधिक रुपले सहयोग गर्ने सरकारी वा गैरसरकारी संस्थालाई जनाउँछ ।

## परिच्छेद –२. उपभोक्ता समिति वा समूह :

३. **समितिको उद्देश्यः**

समिति गठनको देहाय बमोजिम उद्देश्यहरु रहनेछन् ।

क) सम्बन्धित क्षेत्रमा निर्माण हुन लागेको वा सम्पन्न भएको खानेपानी आयोजनाको संरक्षण एवं सम्बर्द्धन गर्ने ।

ख) आयोजना निर्माण वापत प्राप्त रकमको उचित परिचालन गर्ने ।

ग) आयेजना मर्मत सम्भार तथा सुचारु रुपले संचालन गर्नको निमित्त उपभोक्ताहरुसंग नियमित रुपमा रकम संकालन गरी समितिको कोषमा जम्मा गर्ने ।

घ) उपयुक्त एवं भरपर्दो किसिमको खानेपानी तथा सरसफाई आयोजनाको स्थापना, संचालन, मर्मत संभार एवं विकास गर्ने ।

ङ) आयोजना मर्मत संभार तथा रेखदेखको निमित्त उपभोक्ता समितिकै श्रोतबाट पारिश्रमीक दिने गरी आवश्यक मर्मत संभार कार्यकर्ता अनिवार्य रुपमा राखी नियमित रुपमा आयोजनाको रेखदेख गर्न लगाउने ।

च) सहयोगी संस्था (सरकारी वा गैरसरकारी) लाई समुदाय परिचालन एवं आवश्यक जनसहभागिताको व्यवस्था गर्न गराउन सहयोग गर्ने ।

छ) खानेपानी सम्बन्धी कुनै विवाद आएमा समाधान गर्ने गराउने

ज) स्वास्थ्य तथा सरसफाई बारे उपभोक्ताहरुलाई सचेत गराउने तथा जनचेतना अभिबृद्धि गर्ने ।

झ) उपयुक्त व्यवस्थापनको कमी कमजोरीका कारण खानेपानी आयोजनालाई हानी नोक्सानी भै सेवा बन्द भएमा पूर्ण रुपले जिम्मेवार हुने ।

ञ) आयोजना सम्बन्धि अन्य आवश्यक कार्य गर्ने ।

**४ उपभोक्ता समूहको भेला :**

क) साधारणतया उपभोक्ता समुहको भेला कम्तीमा बर्षमा २ पटक हुनेछ ।

ख) आयोजना क्षेत्रको २५% सदस्यहरुले अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा वा समितिका सम्पुर्ण सदस्यको बहुमतले उपभोक्ता समुहको भेला बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले ७ दिनभित्र उपभोक्ता समितिको भेला बोलाउन पर्नेछ ।

ग) उपभोक्ता समूहको भेला हुने मिति, समय, स्थान अध्यक्षले तोके बमोजिम हुनेछ ।

घ) उपभोक्ता समुहको भेलाको अध्यक्षता समितिको अध्यक्षले, निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि उनुपस्थितिमा समितिका सदस्यहरुले आफुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

ङ) उपभोक्ता समितिको भेला ३ (तीन) दिन अगावै सबै उपभोक्ताहरुलाई भेला हुने स्थान, समय, मिति र सो भेलामा छलफल हुने विषयहरु समेत खुलाई सार्वजनिक रुपमा जानकारी दिईनेछ ।

च) साधारण सभाको लागी सम्पूर्ण उपभोक्ता संख्याको ५०% उपस्थितिलाई गणपुरक संख्या मानिनेछ ।

छ) पहिलो पटक सूचना दिई गराईएको भेलाम बस्दा गणपुरक संख्या नपुग भएमा दोश्रो पटक ३ (तीन) दिनको म्याद दिई भेला हुने पुनः सूचना दिइनेछ ।

ज) यसरी गणपुरक संख्या नपुगी दोश्रो पटकको सूचना बमोजिम भेला हुँदा कुल उपभोक्ता संख्याको २५ % उपभोक्ताहरुको उपस्थितिलाई गणपुरक संख्या पुरा भएको मानिनेछ ।

झ) अन्यथा उल्लेख भए बाहेक कुनै पनि निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट गरिने छ ।

ञ) पहिलो पटकको भेला गा.पा./ न.पा.को अग्रगामित्वमा बस्न सक्नेछ ।

ट) भेलामा सम्भव भएसम्म क्षेत्रको सांसद, जि.स.स. सभापति, उप सभापति, इलाका सदस्यहरु त्था गा.पा. सदस्यहरुलाई आमन्त्रित गर्न सकिनेछ

ठ) उपभोक्ताहरु सबै साधारण सदस्य हुनेछन् र उपभोक्ता सबैको समान अधिकार हुनेछ ।

ड) सरोकारवाला सबैले बिना रोकटोक सदस्यता प्राप्त गर्न सक्नेछन् ।

**५. उपभोक्ता समिति दर्ता गर्न दरखास्त दिनुपर्ने :**

उपभोक्ता समिति दर्ता गर्न चाहिने व्यक्तिहरुले एक सय रुपैया दस्तुर सहित दरखास्त दिनुपर्नेछ ।

**६. उपभोक्ता समूहको काम, कर्तव्य र अधिकार :**

क) आयोजना निर्माण, संचालन र मर्मत सम्भारका लागी आवश्यक विधान पारित गरी लागु गराउने ।

ख) उपभोक्ता समूहको भेलाद्वारा उपभोक्ताहरु मध्येबाट समितिको पदाधिकारीहरु तथा सदस्यहरु छनौट गर्ने ।

ग) समितिको खर्चको लेखापरिक्षण प्रतिवेदन स्वीकृत गर्ने ।

घ) आयोजनाको आर्थिक श्रोतको आधारमा उपभोक्ता समितिले तयार गरी पेश गरेको वार्षिक आय व्ययको अनुमान स्वीकृत गर्ने ।

ङ) आयोजनाको दीर्घकालीन संचालनका लागी आवश्यक पर्ने काम कार्यवाहीमा समितिलाई सहयोग पुऱ्याउने ।

**७. खानेपानी तथा सरसफाई उपभोक्ता समितिको गठन :**

क) आयोजना क्षेत्रभित्रका उपभोक्ताहरुको भेलाले सबै धाराबाट प्रतिनिधित्व हुने गरी आफुमध्येबाट एक खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गर्नेछ । सो समितिको पदाधिकारी -अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष) मध्ये कम्तीमा एकजना महिला प्रतिनिधित्व समेत सम्पुर्ण सदस्य संख्याको न्यूनतम ३३% (एक तिहाई) महिला प्रतिनिधित्व हुनु पर्नेछ । यसरी समिति गठन गर्दा सो क्षेत्रमा सम्पुर्ण उपभोक्ताहरु मध्ये ५०% भन्दा बढी घरधुरीका उपभोक्ताहरुको उपस्थितिबाट छनौट भएको हुनुपर्नेछ । आयोजनाको साइज अनुसार ५ देखि ९ सदस्यीय उपभोक्ता समिति गठन गर्न सकिने छ ।

ख) यसरी गठित समितिका पदाधिकारीहरु र सदस्यहरु निम्न बमोजिम हुनेछन् ।

| | |
|---|---|
| १) अध्यक्ष | १ जना |
| २) उपाध्यक्ष | १ जना |
| ३) कोषाध्यक्ष | १ जना |
| ४) सचिव | १ जना |
| ५) सदस्य बढीमा | ५ जना सम्म |

ग) उपभोक्ता समितिको पदाधिकारीहरुको पदावधि तीन (३) बर्षको हुनेछ र कुनै पदाधिकारी भेलाबाट पुनः छनौट हुन सक्नेछ ।

**८. खानेपानी तथा सरसफाई उपभोक्ता समितिका पदाधिकारीहरुको योग्यता :**

क) कम्तिमा १६ (सोह्र) बर्ष पुगेको नेपाली नागरिक हुनुपर्नेछ ।

ख) परिपक्व, सक्रिय र समितिको कामको लागी समय दिन सक्ने ।

ग) विभिन्न उपभोक्ता समूहको प्रतिनिधित्व गर्न सक्ने ।

घ) उपभोक्ताहरुलाई संगठन गर्न सक्षम भएको ।

ङ) गाउँले वा उपभोक्ताहरुको आदर, विश्वास प्राप्त भएको ।

च) आफ्नो घर आँगन सरसफाई गर्ने वानी भएको, चर्पी बनाउने वा चर्पि बनाउने जोश जाँगर भएको, फोहर मैलाको उचित तरीकाबाट तह लगाउने जस्ता स्वास्थ्य तथा सरसफाईको काममा सधैं अगूवा भै गाउँलेहरुको बिच उदाहरणको रुपमा प्रस्तुत हुन सक्ने ।

छ) तालीममा सहभागी हुन सक्ने र खानेपानी आयोजनाको तर्जुमा, निर्माण कार्य संचालन तथा मर्मत सम्भारमा निरिक्षण मूल्यांकन तथा अनुगमन जस्ता विभिन्न कार्यका लागी व्यवस्थापन गर्ने जिम्मेवारी वहन गर्न सक्ने ।

ज) दृश्य वा अदृश्य रुपमा खानेपानी आयोजना वा अन्य ठेकेदारी काममा संलग्न नभएको ।

झ) समितिका पदाधिकारीहरु साधारणतया लेखपढ गर्न सक्ने हुनु पर्नेछ ।

**९. समितिका पदाधिकारीहरुको अयोग्यताः**

क) मानसिक वा शारीरिक रुपले अस्वस्थ भएको ।

ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको ।

**१०. उपभोक्ता समितिको भेला :**

क) उपभोक्ता समितिको भेला कम्तिमा ३ महिनामा १ पटक (बर्षको ४ पटक) बस्नेछ । आवश्यकता अनुसार थप भेला राख्न सकिनेछ ।

ख) समितिको भेला अध्यक्षले तोकेको समय, मिति, र स्थानमा सचिवले बोलाउनेछ ।

ग) समितिको भेलाको अध्यक्षता अध्यक्षले, निजको अनुपस्थितिमा उपाध्यक्षले र निज पनि अनुपस्थिति रहेमा समितिको भेलामा उपस्थित सदस्यहरुले आफु मध्ये बाट छानेको सदस्यले गर्नेछ ।

घ) समितिको भेलामा ५०% सदस्यहरुको उपस्थितिलाई गणपुरक संख्या मानिनेछ ।

ङ) उपभोक्ता समितिको भेलाको सूचना भेला बस्नु भन्दा कम्तिमा ३ दिन अगावै समितिका सदस्यहरुलाई दिनुपर्नेछ

च) पहिलो पटक सूचना गरी बसेको उपभोक्ता समितिको भेलामा गणपुरक संख्या नपुगेमा दोश्रो पटक पुनः ३ दिनको सुचना गरिनेछ ।

छ) दोश्रो पटक सूचना गरी बोलाइएको भेलामा २५% सदस्यहरुको उपस्थितिलाई गणपुरक संख्या मानिनेछ ।

ज) अन्यथा उल्लेख भए बाहेक कुनै पनि निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट गरिनेछ ।

झ) भेला सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

**११. विशेष भेलांको व्यवस्थाः**

२५% भन्दा बढी सदस्यले अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले ७ दिन भित्र विशेष भेला बोलाउनेछ ।

# परिच्छेद– ३. कार्यक्षेत्र

**१२. उपभोक्ता समितिको काम कर्तव्य र अधिकार**

उपभोक्ता समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) आयोजनाको दिगो विकास, मर्मत सुधार तथा संचालनको लागी आवश्यकता अनुसारको पानी महसुल तोकी साधारण भेलाबाट अनुमोदन गराउने ।

ख) उपभोक्ता समूहको भेलाले पारित गरेको निर्णयहरु सम्बन्धित सहयोगी संस्थाहरुमा पठाउने र सो को कार्यान्वयन गर्ने, गराउने ।

ग) समितिको प्रतिनिधित्व गरी आयोजनाको सम्झौता गर्ने ।

घ) नेपाल सरकार तथा दातृ संस्थाबाट उपलब्ध साधन श्रोतको परिचालनको साथै आयोजनालाई आवश्यक पर्ने स्थानिय श्रोत साधन समेत उपलब्ध गर्न गराउन सम्बन्धित सहयागी संस्थालाई सहयोग गर्ने ।

ङ) आयोजनाको निर्माण अवस्था देखि नै व्यवस्थित रुपमा सरसफाई कार्यक्रमहरु संचालन गर्ने गराउने ।

च) आयोजना शुरु हुँदा देखी नै लगत इष्टिमेट अनुसारको जनसहभागिता जुटाउने व्यवस्था मिलाउने ।

छ) कम्तिमा कूल लागतको १ प्रतिशत अग्रिम नगद उपभोक्ताहरुबाट संकलन गरीउपभोक्ता समितको मर्मत संभार कोष  बंक खाता खोली जम्मा गरिनेछ

ज) आयोजनाकोमर्मत संभार गर्न तथा मर्मत संभार कार्यकर्ता परिचालन गरि आयोजना सूचारु रुपले संचालन गर्नको लागि उपभोक्ताहरुसंग नियमितरुपले प्रत्येक महिना पानी उपभोग गरे वाफत रकम संकलन गरि समितिको कोषमा जम्मा गर्ने।

झ) आयोजनाको मूल, जग्गा तथा पाईप लाईन सम्वन्धि वा अन्य कुराको विवाद उठेमा सोको समाधान गर्ने  र सो को जानकारी सम्वन्धित सहयोगी संस्थामा दिने ।

ञ) आयोजनाको सुचारु रुपले संचालन गर्न तथा रेखदेख गर्नका लागी आवश्यक संख्यमा मर्मत सम्भार कार्यकर्ताको छनौट गर्ने र निजको पारिश्रमिक तोक्ने तथा सो को जानकारी संम्बन्धित सहयोगी संस्थामा दिने ।

ट) समितिले आफ्नो कार्य नियमित एवं सुचारु रुपले संचालन गर्न आवश्यकता परेमा आफ्नो मातहतका उप समिति गठन गर्न सक्नेछ ।

ठ) आयोजना हस्तान्तरण भै सकेपछि थप धाराहरुको माग भै आएमा पानीको श्रोत पर्याप्त भै पानी संचालनमा कुनै बाधा नपर्ने भएमा समितिको भेलाबाट निर्णय गराई सम्बन्धित सहयोगी संस्थाबाट स्वीकृत लिई थप धारा दिन सक्नेछ ।

ड) आयोजनाको हानी नोक्सानी गर्ने व्यक्तीलाई आचार संहिता निर्माण एवं लागु गराई सोही अनुरुप कार्वाही गर्ने ।

ढ) आयोजनामा प्राकृति प्रकोप जस्तै भुकम्प, बाढी, पहिरो आदीले क्षति गरेमा मर्मत सम्भार गरि सो को सम्बन्धित सहयोगी संस्थालाई जानकारी दिने र समितिले गर्न नसक्ने भएमा आवश्यक सहयोगको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

ण) स्वास्थ्य तथा सरसफाई बारे उपभोक्ताहरुलाई सचेत गराउने तथा सो बारे जनचेतना अभिबृद्धि गर्न आवश्यक कार्यक्रम संचालन गर्ने ।

त) फोहर फाल्ने खाडल, चर्पि आदि आयोजना क्षेत्रका घरपरिवार तथा सार्वजनिक स्थलहरुमा बनाउने तथा बनाउन लगाउने ।

थ) मर्मत कार्यकर्ता एवं स्वयंसेवक तथा स्वयंसेविकाहरुको सहयोगबाट खानेपानी प्रणालीको संचालन सम्भारको साथै स्वास्थ्य शिक्षा, सरसफाई एवं वातावरण संरक्षण अभियान सुचारु रुपले संचालन गर्ने तथा चालु गर्ने ।

द) आय-व्ययको हिसाब राम्रोसँग राखी वार्षिक रुपमा लेखा परिक्षण गराउने र सो को अनुमोदनका लागी उपभोक्ता समूहको भेला राख्ने र त्यसको जानकारी सम्बन्धित सहयोगी संसथालाई पठाउने ।

ध) समितिको कोष व्यवस्थित बनाउन बैंकमा खाता खोली रकम जम्मा गर्ने र आवश्यक परेको बेलामा समितिबाट पास गराई झिक्ने ।

न) समितिको कुनै पद रिक्त हुन आएमा उपभोक्ता समुहको भेला नभएसम्मका लागी उपभोक्ता समूह मध्येबाट समितिको भेलाले त्यस्तो पदमा मनोनित गर्ने र पछि उपभोक्ता समूहको भेलाबाट सोको अनुमोदन गराउने ।

प)	समिति वा स्थानिय उपभोक्ताबाट गराउने भनि मन्जुर गरिएको काम प्रत्यक्ष वा अप्रत्यक्ष तवरले अन्य ठेकेदारबाट गर्न वा गराउन पाईने छैन ।

फ)	यी माथि उल्लेखित गरिएको बाहेक समितिको अन्य कर्तव्य र अधिकार उपभोक्ता समूहको भेलाले निर्धारण गरे बमोजिम हुनेछ ।

ब)	जिल्ला जलश्रोत समितिले दिएको कुनै पनि लिखित निर्देशन उपभोक्ता समितिले पालना गर्नुपर्ने छ ।

भ)	आयोजनाको मुहान ……………….. रहनेछ । यसको सिमाना पूर्वमा……………, पश्चिममा ………………., उत्तर ………………र दक्षिणमा …………………………तोकिएको छ ।

**१३. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः**

१३.१	अध्यक्षः अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क)	उपभोक्ता समूह र उपभोक्ता समितिको भेलाको अध्यक्षता गर्नु र प्रत्येक निजी वा सार्वजनिक धाराबाट पानी महसुल संकलन गर्ने र सो रकमको कोष बाँधी आयोजना संकलन समेत सम्भार कार्यमा प्रयोग गर्ने कार्यको व्यवस्था मिलाउने ।

ख)	उपभोक्ता समूह र उपभोक्ता समितिको भेला हुने मिति, समय र स्थान तोक्ने, आयोजना निर्माण मर्मत अवधिमा उ.स.ले गरेको कार्यको सहयोगी संस्थाबाट भएको भुक्तानी विवरण, निर्माण सामाग्री कार्य संलग्न कामदारहरुको पुरा तथा आंशिक ज्याला भुक्तानी तथा जनश्रमका छुट्टाछुट्टै विवरण राख्ने तथा भुक्तानी भएको रकम कोषमा जम्मा गर्ने कार्यको व्यवस्था मिलाउने ।

ग)	समितिको भेलामा मत बराबर भए निर्णायक मत दिने ।

घ)	आयोजना बारे दैनिक जानकारी राख्ने ।

ङ)	समय समयमा सहयोगी संस्थालाई आयोजनाको अवस्था बारेमा जानकारी गराउने ।

च)	आफ्नो समूहका उपभोक्ताहरुसँग सम्पर्क राखी आयोजना सम्बन्धि जानकारी लिने दिने र भेलालाई जानकारी गराउने ।

**१३.२ उपाध्यक्ष : उपाध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क)	अध्यक्षको अनुपस्थितिमा अध्यक्षको सम्हालेको सर्म्पुण कार्य गर्ने ।

ख)	अध्यक्षलाई कार्य सम्पादनमा सहयोग पुऱ्याउने ।

ग)	अध्यक्षको निर्देशनानुसार आयोजनाको स्थायीत्वको लागी विभिन्न कार्य गर्ने ।

घ)	आफ्नो समुहका उपभोक्ताहरुसँग सम्पर्क राखी आयोजना सम्बन्धि जानकारी लिने, दिने र भेलालाई जानकारी गराउने ।

**१३.३ कोषाध्यक्षः कोषाध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क)	अध्यक्षको निकटतम सम्पर्कमा रही कार्य गर्ने ।

ख)	समितिको नाममा जम्मा हुन आएको चल अचल, नगद जिन्सी आदी सम्पत्तिको जिम्मा लिई त्यसको हिसाब किताव तथा श्रेस्ता अद्यावधिक राख्ने ।

ग)	समितिको आर्थिक कारोवारको रेखदेख गर्ने ।

घ)	प्रत्येक महिनाको आम्दानी र खर्चको फाँटवारी तयार गरि दुरुस्त राख्ने ।

ङ)	प्रत्येक बर्ष कम्तीमा एक पटक उपभोक्ता समुहको भेलामा आयोजनाको आम्दानी र खर्चको विवरण जानकारी गराई खर्चको अनुमोदन गराउने ।

च)	अध्यक्षसँग संयुक्त दस्तखतमा बैंकमा समितिको खाता संचालन गर्ने ।

छ)	खानेपानी तथा सरसफाई आयोजना संचालनमा नियमानुसार उपभोक्ता समितिको दायित्व पुरा गर्न श्रोत परिचालन गर्ने काम लगायत अन्य काममा अध्यक्षलाई सहयोग र सल्लाह दिने ।

ज)	आफ्नो समुहमा उपभोक्ताहरुसँग सम्पर्क राखी आयोजना सम्बन्धि समय समयमा जानकारी लिने, दिने र भेलालाई जानकारी गराउने ।

झ)	अन्य आवश्यक तोकिएको काम गर्ने ।

**१३.४ सचिवः सचिवको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) समितिको निर्णय बमोजिम उपभोक्ता समुहको भेला बोलाउने ।
ख) अध्यक्षको आदेश बमोजिम उपभोक्ता समितिको भेला बोलाउने ।
ग) उपभोक्ता समुह र उपभोक्ता समितिको भेलाको छलफल तथा निणर्यहरुको अभिलेख राख्ने ।
घ) उपभोक्ता समुह र उपभोक्ता समितिको भेलाको निर्णयहरु प्रमाण्ति गर्ने ।
ङ) उपभोक्ता समितिको भेलामा समितिको बार्षिक प्रतिवेदन पेश गर्ने ।
च) विधान, नीति र निर्णय अनुरुप उपभोक्ता समितिको तर्फबाट लेखापढी गने ।
छ) आफ्नो समुहका उपभोक्ताहरुसँग सम्पर्क राखी आयोजना सम्बन्धि जानकारी लिने, दिने र भेलाई जानकारी गराउने ।
ज) उपभोक्ताहरुको हितलाई ध्यानमा राखी अध्यक्षले तोकेको वा निजको अनुमति लिई अन्य आवश्यक कार्य गर्ने ।

**१३.५ सदस्यः सदस्यको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) समितिको भेलामा सक्रिय रुपले भाग लिने ।
ख) अध्यक्षको निर्देशानुसार आयोजनाको स्थायीत्वको निमित्त कार्य गर्ने ।
ग) आफ्नो समुहका उपभोक्ताहरुसँग सम्पर्क राखी आयोजना सम्बन्धि जानकारी लिन, दिने र भेलालाई जानकारी गरायने ।
घ) आयोजना सम्बन्धि कुनै समस्या आइ परेमा उचित तवरले समाधान गर्न प्रयत्न गर्ने ।
ङ) समिति र उपभोक्ता समुहको भेलाले निर्णय गरेका कुराहरु कार्यान्वयन गर्न सहयोग गर्ने ।

**१३.६ सल्लाहकारको व्यवस्था :**

उपभोक्ताहरुको भेलाले सम्बन्धित आयोजना भित्रका उपभोक्ताहरु व आयोजना भित्रका उपभोक्ताहरु नभएका तर गाउँका प्रतिष्ठित व्यक्तिहरुसँग सल्लाह लिन आवश्यक ठानेर राख्न चाहेमा बढीमा ३ जना सम्म सल्लाहकार राख्न सक्नेछन् । तर यस्ता सल्लहकारहरुको निर्णय गर्ने अधिकार भने हुने छैन ।

## परिच्छेद –४.आर्थिक श्रोत

**१४. कोषको व्यव्स्थाः**

समितिको कोषको श्रोत देहाय बमोजिम हुनेछ ।

क) समितिको पानी महसुलबाट प्राप्त रकम नै मुख्य श्रोत हुनेछ ।
ख) आचार संहिता पालना गराउने क्रममा प्राप्त रकम ।
ग) समितिले प्राप्त गरेको ऋण ।
घ) निर्माण वा अन्य श्रोतबाट आयोजनामा बचत भएको रकम वा अन्य श्रोतबाट प्राप्त रकम ।

**१५. मर्मत सम्भार कोष (अक्षय कोष)**

क) कम्तिमा कूल लागतको १ प्रतिशत अग्रिम नगद उपभोक्ता समितको मर्मत संभार कोष बंक खाता खोली जम्मा गरिनेछ ।
ख) यो कोषको रकम मुद्दती खातामा राखी यसको ब्याजबाट आएको रकम साधारण कोषमा दाखिला गरी आवश्यकता अनुसार मर्मत सुधार, खानेपानी मिस्त्रीको पारिश्रमिक भुक्तानी आदिमा खर्च गर्न सकिनेछ ।

**१६ साधारण कोष (बचत/चालुखाता)ः**

क) आयोजनाको कार्य संचालनका लागि मर्मत संभार कोषको ब्याजबाट प्राप्त रकम तथा पानी महसुल उठाई प्राप्त गरेको रकम लगाएत अन्य श्रोतबाट प्राप्त रकम सबै रकम जम्मा गरी एक साधारण कोष खडा गरिने छ ।

ख) समितिको तर्फबाट गरिने सबै खर्च यसै कोषबाट गरिनेछ ।

ग) यो कोषको संचालन उपभोक्ता समितिको अध्यक्ष र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

**१७. चल, अचल सम्पत्तिः**

उपभोक्ता समिति एक अविच्छिन्न उत्तराधिकारी भएको हुँदा आयोजना निर्माण हुनु अघि र पछि समितिको नाममा प्राप्त सबै प्रकारको चल, अचल सम्पत्ति उपर समितिको स्वामीत्व हुनेछ । यो संस्था विघटन भएमा यसको सम्पूर्ण चल अचल सम्पत्ति नेपाल सरकारको मातहतमा रहनेछ ।

**१८ लेखापरीक्षण :**

क) समितिको कोषको लेखा परीक्षण कानुन बमोजिम दर्तावाला लेखापरिक्षकबाट लेखापरीक्षण गराइनेछ ।

ख) लेखापरीक्षणको प्रतिवेदन अनिवार्य रुपमा खा.पा.तथा स.डि.का. मा पठाइनेछ ।

## परिच्छेद –५.विविध

**१९ अविश्वासको प्रस्तावः**

क) समितिको कुनै वा सबै पदाधिकारी विरुद्ध पद अनुसारको आचरण नगरेको भनी उपभोक्ता समुहका २५% ले अविश्वास प्रस्तावका लागि लिखित निवेदन समितिमा दर्ता गरेमा अध्यक्षले निवेदन दर्ता भएको ७ दिनभित्र उपभोक्ता समूहको भेला बोलाउनेछ र सो भेलामा खानेपानी योजनाबाट लाभान्वित हुने कम्तीमा ५१% घरधुरी संख्याको उपस्थितिले पदाधिकारीलाई हटाउन सक्नेछन् र नयाँ पदाधिकारी चयन गर्न सक्नेछन् ।

ख) तर उपभोक्ता समूह वा समितिले अविश्वासको प्रस्ताव राखेको त्यस्तो पदाधिकारीलाई आफ्नो सफाई गर्ने मौका दिईनेछ ।

२०. **सदस्यता :** सदस्यता सबै सरोकारवालाका लागि खुलाइनेछ । साथै प्रत्येक साधारण सदस्यहरुको समान अधिकारको प्रत्याभूति गराइनेछ ।

२०. **(क) सदस्यताबाट मुक्त हुने अवस्था :**

क) मृत्यु भएमा

ख) बसाई सरी अन्यत्र गएमा

ग) कुनै पदाधिकारी आफ्नो पदबाट हट्न चाही अध्यक्ष समक्ष राजीनामा पेश गरेमा तथा त्यस्तो राजीनामा समितिको बहुमतबाट स्वीकृत भएमा ।

घ) कुनै पदाधिकारी मनासिव कारण नदेखाई विना सूचना लगातार ४ पटकसम्म समितिको भेलामा अनुपस्थित भएमा त्यस्तो पदाधिकारीलाई समितिको निर्णयानुसार पदबाट मुक्त गर्न सकिनेछ ।

ङ) मानसिक असन्तुलन भएमा वा बौलाएमा ।

**२१ समिति भंग हुन सक्ने अवस्था :**

उपभोक्ता समूहको भेलामा उपस्थित ५०% भन्दा बढी घरधुरी संख्याको उपभोक्ताहरु मध्ये दुई तिहाई उपभोक्ताहरुको सहमतिबाट समितिले राम्रो काम गरेको छैन भन्ने ठानेर हालको उपभोक्ता समिति भंग गर्ने निर्णय गरेमा त्यस्तो समिति भंग हुनेछ । तर आयोजनाको काममा बाधा पर्न नदिन तुरुन्त सोही भेलाले अर्को समिति गठन गर्नु पर्नेछ ।

**२२ विधान संशोधन तथा नियमावली तर्जुमा**

क) यस विधानमा दफाहरु आवश्यकता अनुसार संशोधन गर्नु परेमा समितिले संशोधन गरी उपभोक्ता समूहको भेलाद्वारा अनुमोदन गराउनु पर्नेछ । यसरी उपभोक्ता समूहको बहुमतले पारित गरेको संशोधन सम्बन्धि प्रस्ताव जिल्ला जलश्रोत समितिबाट स्वीकृती भएको मितिदेखि लागु हुनेछ ।

ख) समितिले यो विधान बमोजिमको उद्देश्य प्राप्त गर्न अन्य नियम आफै बनाउन सक्नेछ ।

ग)	यो विधान प्रारम्भ हुँदा बहाल रहेको समिति यसै विधान बमोजिम गठन भएको मानिनेछ ।

**२३ खारेजी बचाउ :**

क)	यो विधान पारित भई लागु हुन अगाडि उपभोक्ता समितिको भेलाबाट निर्णय भई सम्पादन भएका कार्यहरु यसै विधान बमोजिम भए गरे सरह मानिनेछ ।

ख)	कुनै परिस्थितिमा समिति कायम रहन नसक्ने अवस्था आईपरेमा समितिको सम्पुर्ण चल अचल सम्पत्ति नेपाल सरकारको हुनेछ ।

ग)	यस विधानमा नभएको वा प्रचलित नेपाल कानूनसँग बाझिएको हकमा प्रचलित नेपाल कानून बमोजिम र अरु कुराका हकमा यसै विधान बमोजिम हुनेछ ।

(घ)	यो संस्था विघटन भएमा यसको सम्पूर्ण चल अचल सम्पत्ति नेपाल सरकारको मातहत जानेछ ।

**२४	आयोजना सम्बन्धि संक्षिप्त परिचयः**

क)	आयोजनाको नाम : ....................................................

ख)	आयोजनाको क्षेत्रः ......................................................

ग)	मुहानको नाम तथा ठेगानाः ................ गा.पा. ⁄ न.पा.. ................ वडा नं. ..............

घ)	पानी उपभोग गर्ने घर संख्याः ...........................................

ङ)	पानी उपभोग गर्ने वर्तमान जनसंख्याः ..................................

च)	सहयोगी संस्थाको नाम तथा ठेगानाः ....................................

छ)	उपभोग गरिने पानीको परिमाण : ....................................... लि. ⁄ सेकेण्ड

प्रमाणित गर्ने उपभोक्ता समितिका पदाधिकारीहरुको नाम, थर र सही

अध्यक्ष :

उपाध्यक्ष :

कोषाध्यक्ष :

सचिव :

सदस्य :

"	"

"	"

"	"

समाप्त

## अनुसूचि

**उपभोक्ताहरुको विवरण**

| क.सं. | घरमुलीको नाम, थर | श्रीमान्/श्रीमतिको नाम, थर | गा.पा./न.पा. | वडा नं. | टोल | सदस्य संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | पुरुष | जम्मा | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |